# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०७) पोखरा, मंसिर २० गते, २०८१ साल (संख्या १०

## भाग ३

### गण्डकी प्रदेश सरकार

### उद्योग तथा पर्यटन मन्त्रालयको सूचना

### वृद्धिमुखी उद्यमशिलता र रोजगारी प्रवर्द्धन (GEEP) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

**प्रस्तावना:** उद्यमशीलता विकास तथा रोजगारी प्रवर्द्धन मार्फत गण्डकी प्रदेशभित्र दिगो आर्थिक विकासमा सहयोग गर्न, युवा तथा महिलामा उद्यमशीलता विकास तथा ग्रामीण स्तरमा सञ्चालनमा रहेका उद्यमहरुको सक्षमीकरण र स्तरीकरण गर्दै महिला तथा युवाहरुलाई समृद्धिको बाहक बनाउन वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उद्यम" भन्नाले उद्योग, इलम, जीवन निर्वाहको लागि गरिने काम वा श्रम, मेहनत, व्यापार वा व्यवसाय सम्झनु पर्छ।

(ख) "उद्यमी" भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनका लागि जोखिम बहन गर्ने गरी लगानी गर्ने व्यक्ति वा समूहलाई सम्झनु पर्छ।

(ग) "उद्यमशीलता विकास तालिम" भन्नाले उद्यम व्यवसाय स्थापना तथा सञ्चालनका लागि आवश्यक उत्प्रेरणा, जोखिम बहन गर्न सक्ने र व्यवसायिक ज्ञान तथा सिप प्रदान गर्ने उद्देश्यले प्रदान गरिने तालिम सम्झनु पर्छ।

(घ) "कार्यक्रम" भन्नाले मन्त्रालय, स्थानीय तह र संस्थाको साझेदारीमा सञ्चालन हुने "वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रम" सम्झनु पर्छ।

(ङ) "कार्यक्रम सञ्चालन समिति" भन्नाले दफा १६ बमोजिमको कार्यक्रम सञ्चालन समिति सम्झनु पर्छ।

(च) "कार्यक्रम समन्वय समिति" भन्नाले दफा १५ बमोजिमको कार्यक्रम समन्वय समिति सम्झनु पर्छ।

(छ) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(ज) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(झ) "प्रविधि हस्तान्तरण" भन्नाले उद्यम व्यवसाय सञ्चालन, विस्तार तथा स्तरोन्नति गर्नका लागि आवश्यक पर्ने उपकरण वा मेशिन उपलब्ध गराउने कार्य र त्यस्तो मेशिन उपकरण खरिद गर्नका लागि उद्यमीको पचास प्रतिशत लागत साझेदारीमा सहयोग गर्ने वा त्यस्तो मेशिन वा उपकरण सञ्चालन गर्न

आवश्यक पर्ने विशेष प्रकारको सिप सिकाउने कार्यलाई समेत बुझाउछ।

(ञ) “बजारीकरण” भन्नाले उद्योगबाट हुने उत्पादन, मूल्य निर्धारण, प्रवर्द्धन तथा वितारण प्रणालीसँग सम्बन्धित उपभोक्ता केन्द्रित क्रियाकलाप सम्झनु पर्छ।

(ट) “बृद्धिमुखी उद्यम” भन्नाले हाल कुनैपनि क्षेत्रको उद्यम गरिरहेका र यसलाई थप स्तरोन्नती वा वृद्धि गर्ने चाहाना र थप रोजगारी सिर्जनाको सम्भावना भएका कुनैपनि क्षेत्रका उद्यमलाई जनाउँदछ।

(ठ) “मन्त्रालय” भन्नाले प्रदेश सरकारको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ड) “लक्षित वर्ग” भन्नाले सिप तथा सिर्जना भएका उद्यमी बन्ने चाहाना राखेका वा उद्यमशीलता विकास सम्बन्धी तालिम प्राप्त गरी उद्यम स्थापना वा प्रवर्द्धनका लागि सहजीकरण तथा वित्तिय पहुँचको आवश्यकता भएका व्यक्ति वा समूहलाई सम्झनु पर्छ।

(ढ) “लागत साझेदारी” भन्नाले यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्नका लागि मन्त्रालय र छनोट भएका स्थानीय तहले दफा १७ को उपदफा (२) बमोजिमको साझेदारीलाई सम्झनु पर्छ।

(ण) “संस्था” भन्नाले मन्त्रालयले कार्यक्रम कार्यान्वयनका लागि छनोट गरेको संस्थालाई सम्झनु पर्छ।

(त) “स्थानीय तह” भन्नाले प्रदेश भित्रका कार्यक्रम कार्यान्वयनका लागि छनोट भएका स्थानीय तह सम्झनु पर्छ।

## परिच्छेद-२

## कार्यक्रमको लक्ष्य, उद्देश्य, क्षेत्र, अपेक्षित प्रतिफल र संस्था सम्बन्धी व्यवस्था

३. **कार्यक्रमको लक्ष्य र उद्देश्यः** (१) कार्यक्रमको लक्ष्य ग्रामीण स्तरमा लघु तथा साना उद्यमहरुको स्तरोन्नती गरी रोजगारी र आयवृद्धि गर्नु रहेको छ।

(२) यस कार्यक्रमका उद्देश्यहरु देहायबमोजिम रहेका छन्:

(क) उद्यमशीलता मार्फत रोजगरी सिर्जना गर्ने,

(ख) उद्यम व्यवसाय सञ्चालन गरिरहेका तथा गर्न चाहने युवा तथा महिलाहरूको ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्दै उद्यमशीलताको माध्यमबाट आर्थिक सशक्तीकरण गर्ने,

(ग) युवा तथा महिला उद्यमीलाई उद्योग व्यवसाय गर्न आवश्यक प्राविधिक सहयोग, सरकारी, निजी क्षेत्र तथा वित्तिय संस्थाबाट प्रदान गरिने ऋण, सेवा, सुविधा तथा सहुलियतको जानकारी एवम् पहुचका लागि सहजीकरण गर्ने,

(घ) ग्रामिण वृद्धिमुखी उद्यमहरुको द्रुतीकरण गर्ने,

(ङ) कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनका लागि शासकीय क्षमता अभिवृद्धि गर्ने,

(च) बहुसरोकारवालाहरुको ज्ञान आदानप्रदान मार्फत सिकाइ बिस्तार गर्ने,

(छ) नवीनतम र परम्परागत प्रविधिको उपयोग गर्न सक्ने उद्यमशील जनशक्तिको विकास गर्ने।

४. **उद्यमको क्षेत्रः** यस कार्यक्रम कार्यान्वयनका लागि उद्यम छनोट गर्दा देहायका क्षेत्रका उद्यमहरू मात्र छनोट गरिनेछः

(क) कृषि, पशुपालन तथा उत्पादनमा आधारित उद्यम व्यवसाय,

(ख) जडीबुटी तथा वन पैदावारमा आधारित उद्यम,

(ग) सिलाइ बुनाइ, स्थानीय (हसिया, कुटो, कोदालो जस्ता) औजार उत्पादन र स्थानीय कच्चा पदार्थमा आधारित सामाग्री उत्पादन जस्ता सिपमा आधारित उद्यम व्यवसाय,

(घ) पर्यटन (सामुदायिक होमस्टे र रिसोर्ट) मा आधारित उद्यम व्यवसाय,

(ङ) उद्यमी वा उद्यमी समूहबाट माग भइ स्थानीय तहले छनोट गरेका अन्य व्यवसाय।

५. **कार्यक्रमको अपेक्षित प्रतिफलः** यस कार्यक्रम कार्यान्वयनका लागि छनोट भएका प्रत्येक स्थानीय तहमा कार्यक्रम कार्यान्वयन पश्चात देहाय बमोजिमको प्रतिफल हासिल हुने देखिन्छः-

(क) स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग भएको हुनेछ,

(ख) अधिकतम रोजगारी सिर्जना भएको हुनेछ,

(ग) उत्पादन गरिएका सामग्रीहरूको गुणस्तर कायम भएको हुनेछ,

(घ) उत्पादित सामाग्रीको सहज बजार पहुँच स्थापित हुनेछ,

(ङ) एक आर्थिक वर्षमा चालीस जना उद्यमीहरुको सक्षमीकरण, दश वटा वृद्धिमुखी उद्यमहरुको स्तरोन्नती र सम्बन्धित स्थानीय तहको कुल जनसङ्ख्याको कम्तीमा दश प्रतिशत व्यक्तिलाई स्थानीय अवसरको सचेतना भएको हुनेछ।

६. **कार्यक्रम सञ्चालनः** (१) प्रदेश सरकार र स्थानीय तहको लागत साझेदारीका लागि बजेट तथा संस्थाको प्राविधिक सहयोगको सुनिश्चितता भएपछि मात्र कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालनका लागि संस्थाले गर्ने कार्यक्रमको ढाँचा र उक्त कार्यक्रममा हुने प्राविधिक सहयोगको रकमका आधारमा मन्त्रालयले संस्थाको छनोट गर्नेछ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन हुने स्थानीय तहको छनोट सम्बन्धी व्यवस्था

७. **कार्यक्रम सञ्चालन हुने स्थानीय तहः** (१) आर्थिक वर्ष २०८१/०८२ मा मन्त्रालयले तोके बमोजिमको स्थानीय तहमा पाइलट प्रोजेक्टको रुपमा यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमका स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्दा उद्यमीहरूको माग र सम्भाव्यता, बजारको सम्भाव्यता, स्थानीय कच्चा पदार्थको उपलब्धता र उद्यम विकासको सम्भाव्यताको मूल्याङ्कन गरेर मात्र गर्नु पर्नेछ।

८. **प्रस्ताव आह्वान गर्ने:** (१) आर्थिक वर्ष २०८२/०८३ देखि कार्यक्रम सञ्चालनका लागि मन्त्रालयले प्रदेश भित्रका सबै स्थानीय तहमा प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना सहितको पत्राचार गर्नेछ।

(२) उपदफा बमोजिम प्रस्ताव (१) पेश गर्ने सम्बन्धी सूचना मन्त्रालयले आफ्नो वेबसाइटमा समेत राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव माग गरेको सूचनाको मिति देखि पन्ध्र दिनभित्र इच्छुक स्थानीय तहले मन्त्रालय समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

९. **प्रस्तावको मूल्याङ्कन गर्ने:** (१) दफा ८ बमोजिम प्राप्त प्रस्तावको मूल्याङ्कन गरी उपयुक्त स्थानीय तह छनोट गर्न मन्त्रालयमा देहाय बमोजिमको एक मूल्याङ्कन समिति रहनेछः

(क) उद्योग हेर्ने महाशाखा प्रमुख, मन्त्रालय -संयोजक

(ख) अधिकृत प्रतिनिधि, आर्थिक मामिला हेर्ने मन्त्रालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय -सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख, मन्त्रालय -सदस्य

(ङ) उद्योग हेर्ने शाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(२) समितिले कार्यक्रम सञ्चालनका लागि प्राप्त प्रस्तावहरूको मूल्याङ्कन गर्दा भौगोलिक सन्तुलन कायम हुनेगरी अनुसूची-१ बमोजिमका आधारमा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम समितिले प्रस्तावहरूको मूल्याङ्कन गरी योग्यताक्रमको सूची मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(५) उपदफा (३) बमोजिम मूल्याङ्कन समितिबाट प्राप्त योग्यताक्रमको सूचीको आधारमा मन्त्रालयले स्थानीय तहको छनोट गर्नेछ।

## परिच्छेद-४

## संस्थागत व्यवस्था

१०. **जिम्मेवार निकायः** कार्यक्रम कार्यान्वयनका लागि लागत साझेदारीमा मन्त्रालय, छनोट भएको स्थानीय तह र संस्था रहनेछन्।

११. **मन्त्रालयको जिम्मेवारीः** (१) कार्यक्रम कार्यान्वयनका सम्बन्धमा मन्त्रालयको जिम्मेवारी देहायबमोजिम हुनेछः

(क) कार्यक्रमको समग्र नीतिगत व्यवस्था गर्ने,

(ख) प्रदेश सरकारले साझेदार गर्ने लागतको बजेटको व्यवस्था गर्ने,

(ग) कार्यक्रमको समग्र मार्गदर्शन, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनको क्रममा बहु सरोकारवाला तथा जिम्मेवार निकायबीच समन्वय गर्ने ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयनका सम्बन्धमा मन्त्रालयको उद्योग, वाणिज्य तथा आपूर्ति महाशाखाले समन्वय, सहजीकरण र सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेछ।

१२. **स्थानीय तहको जिम्मेवारीः** (१) कार्यक्रम कार्यान्वयनको मुख्य जिम्मेवार निकायका रुपमा कार्यक्रम सञ्चालनका लागि छनोट भएका स्थानीय तह रहनेछन्।

(२) कार्यक्रम कार्यान्वयनका सम्बन्धमा छनोट भएका स्थानीय तहको जिम्मेवारी देहायबमोजिम हुनेछः

(क) कार्यक्रम कार्यान्वयनको नीतिगत व्यवस्था गर्ने,

(ख) स्थानीय तहले साझेदार गर्ने लागतको बजेटको व्यवस्था गर्ने,

(ग) आफ्नो स्थानीय तहभित्रको उद्यमी वा उद्यमी बन्न चाहने लक्षित वर्गको सम्भाव्यता अध्ययन गरी आवेदन आव्हान गर्ने,

(घ) प्राप्त आवेदनको मूल्याङ्कन गरी उद्यमहरुको चरणबद्ध छनोट गर्ने,

(ङ) लक्षित वर्गको मागमा आधारित उद्यमशीलता तथा सिप विकास तालिम सञ्चालनको व्यवस्था गर्ने,

(च) विभिन्न चरणमा छनोट भएका उद्यमीहरुलाई स्तरीकरण तथा द्रुतीकरणका लागि आवश्यक प्रविधि उपलब्ध गराउने,

(छ) कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउने,

(ज) कार्यक्रमबाट आर्जित सिकाइहरुको सङ्कलन, अनुसन्धान र सम्बन्धित सरोकारवालाहरूसँग आदानप्रदान गर्ने,

(झ) कार्यक्रम कार्यान्वयनको अनुगमन मूल्याङ्कन गर्ने,

(ञ) कार्यक्रमको आन्तरिक एवम् अन्तिम लेखापरीक्षण प्रतिवेदन मन्त्रालय समक्ष पेस गर्ने,

(ट) आवश्यक अन्य कार्यहरू गर्ने ।

(३) उपदफा (२) बमोजिमको कार्यक्रम कार्यान्वयनका सम्बन्धमा स्थानीय तहको उद्योग वाणिज्य सम्बन्धी विषय हेर्ने शाखाले समन्वय, सहजीकरण र सम्पर्क शाखाको रुपमा कार्य गर्नेछ।

१३. **<u>संस्थाको जिम्मेवारीः</u>** (१) कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहसँगको समन्वय र सहजीकरणको जिम्मा संस्थाको हुनेछ।

(२) उपदफा (१) बमोजिमको समन्वय र सहजीकरणका लागि संस्थाले प्रत्येक स्थानीय तहको लागि कम्तिमा एक/एक जना सहजकर्ता खटाउनु पर्नेछ।

(३) सहजकर्ताले स्थानीय तहसँगको प्रत्यक्ष सम्पर्कमा रही कार्यक्रम कार्यान्वयनको सहजीकरण गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम खटाइएको सहजकर्ताको पारिश्रमिक र प्रशासनिक खर्च संस्थाले व्यहोर्नेछ।

(५) कार्यक्रम कार्यान्वयनका सम्बन्धमा संस्थाको जिम्मेवारी देहायबमोजिम हुनेछः

(क) प्रदेश सरकारलाई कार्यक्रम समन्वय गर्न द्रुत नतिजा पहल (Rapid Results Initiative -RRI) विधिको प्रयोगद्वारा प्राविधिक सहजीकरण उपलब्ध गराउने,

(ख) ग्रामीण उद्यम द्रुतीकरण कार्यक्रम (Rural Enterprise Acceleration Program -REAP) विधिको प्रयोग गर्न स्थानीय तहलाई सघाउ पुऱ्याउने,

(ग) स्थानीय तहलाई कार्यक्रम सञ्चालन गर्न द्रुत नतिजा पहल (Rapid Results Initiative -RRI) विधिको प्रयोगद्वारा प्राविधिक सहजीकरण उपलब्ध गराउने,

(घ) कार्यक्रम सञ्चालनमा लागत साझेदारी गरी प्रशासनिक क्रियाकलापहरू सञ्चालन गर्ने,

(ङ) अनुसन्धानात्मक सहयोग (फेलोसिप, नीति संवाद, शासन गोष्ठी) उपलब्ध गराउने,

(च) कार्यक्रम कार्यान्वयनका क्रममा विभिन्न चरणमा गर्नुपर्ने समग्र क्रियाकलाप तथा गतिविधिहरु सञ्चालनमा सहजीकरण गर्ने,

(छ) कार्यक्रम सञ्चालनका लागि मुख्य जिम्मेवारी निर्वाह गर्ने,

(ज) उद्यमीका लागि व्यवसाय स्थापना र सञ्चालन गर्न व्यवसायिक योजना तयार, व्यवसायिक परामर्श र बजारीकरणका लागि सहयोग, समन्वय तथा सहजीकरण गर्ने,

(झ) उद्यमीलाई उद्योग स्थापना, स्तरोन्नती गर्न आवश्यक पर्ने बैंक तथा वित्तीय संस्थाबाट प्रदान गरिने सहुलियतपूर्ण कर्जा र अन्य सेवा सुविधामा पहुँच स्थापना गर्न सहजीकरण गर्ने,

(ञ) स्थानीय तहमा सञ्चालित लघु उद्यम विकास कार्यक्रम (मेड्पा), सुरक्षित आप्रवासन कार्यक्रम (सामी) र यस्तै प्रकृतिका अन्य कार्यक्रमसँग दोहोरोपन नहुने गरी समन्वय गर्ने,

(ट) उद्यमी बन्न इच्छुक व्यक्तिलाई माग र आवश्यकताका आधारमा उद्यमशीलता तथा सिपविकास तालिम उपलब्ध गराउन आवश्यक सहजीकरण गर्ने,

(ठ) कार्यक्रम सञ्चालनका क्रममा मन्त्रालय तथा छनोट भएका स्थानीय तह र अन्य सरोकारवालाहरुसँग समन्वय गर्ने,

(ड) उद्यमीका उत्पादनहरूलाई बजारसँग जोड्न आवश्यक समन्वय र सम्बन्ध स्थापना गर्न सहयोग गर्ने,

(ढ) प्रदेश सरकारसँग समन्वय गरी कार्यक्रमबाट आर्जित सिकाइको सङ्कलन, अनुसन्धान र सम्बन्धित सरोकारवालाहरुसँग ज्ञान साझेदारी कार्यक्रम सञ्चालन गर्ने,

(ण) कार्यक्रमको तथ्य र तथ्याङ्कमा आधारित प्रगती प्रतिवेदन तयार गरी स्थानीय तह मार्फत मन्त्रालय समक्ष पेश गर्ने,

(त) उत्पादनको ब्राण्डिङ र प्याकेजिङमा सहयोग गर्ने।

१४. **कार्यक्रम सम्झौताः** कार्यक्रम कार्यान्वयनका लागि छनोट भएका स्थानीय तह र संस्थासँग मन्त्रालयले अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ।

१५. **कार्यक्रम समन्वय समितिः** (१) कार्यक्रमको समग्र नीतिगत तथा समन्वयात्मक भूमिकाका लागि देहायबमोजिमको एक कार्यक्रम समन्वय समिति रहनेछः

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) सचिव, आर्थिक मामिला मन्त्रालय -सदस्य

(घ) बैंक तथा वित्तीय संस्थाहरुमध्येबाट संयोजकले तोकेको एक जना -सदस्य

(ङ) उद्योग तथा व्यवसायसँग सम्बन्धित निजी क्षेत्रका संस्थाहरुमध्येबाट संयोजकले तोकेको एक जना -सदस्य

(च) अध्यक्ष वा कार्यकारी निर्देशक वा प्रतिनिधि, संस्था -सदस्य

(छ) उद्योग हेर्ने महाशाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(२) समितिको सचिवालयको काम मन्त्रालयको उद्योग हेर्ने महाशाखाले गर्नेछ।

(३) समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) कार्यक्रमको विकास, प्रबर्द्धन तथा विस्तारका लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

(ख) कार्यक्रमको प्रवर्द्धन तथा विस्तारका लागि आवश्यक कार्यविधि, मार्गदर्शन, कार्ययोजना, वार्षिक नीति तथा कार्यक्रम तयार गर्न अन्य सम्बन्धित निकायहरूसँग कार्यगत सम्बन्ध स्थापित गर्ने,

(ग) स्थानीय तहमा कार्यक्रम सञ्चालन समितिलाई कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा बजेटको उपयोगको सम्बन्धमा आवश्यक सुझाव दिने,

(घ) अन्य विकास साझेदारलाई सहभागी गराउन आवश्यक समन्वय गर्ने,

(ङ) कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन गर्ने।

(४) समितिको बैठक प्रत्येक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ।

१६. **कार्यक्रम सञ्चालन समितिः** (१) छनोट भएका प्रत्येक स्थानीय तहमा कार्यक्रमको उद्देश्य अनुसार विभिन्न क्रियाकलापहरुको सञ्चालनका लागि देहाय बमोजिमको एउटा कार्यक्रम सञ्चालन समिति रहनेछः

(क) नगरपालिका/गाउँपालिका प्रमुख/अध्यक्ष -संयोजक

(ख) नगरपालिका/गाउँपालिका उपप्रमुख/उपाध्यक्ष -सदस्य

(ग) संयोजक, आर्थिक विकास समिति -सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ङ) बैंक तथा वित्तीय संस्थाहरुमध्ये संयोजकले तोकेको एक जना -सदस्य

(च) उद्योग तथा व्यवसायसँग सम्बन्धित संघ संस्थाहरु मध्येबाट संयोजकले तोकेको एक जना -सदस्य

(छ) कार्यक्रम प्रबन्धक वा कार्यक्रम अधिकृत वा प्रतिनिधि, संस्था -सदस्य

(ज) उद्योग हेर्ने शाखा प्रमुख -सदस्य सचिव

(२) कार्यक्रम सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्ः-

(क) कार्यक्रम समन्वय समितिसँग आवश्यक समन्वय गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनका लागि आफ्नो स्थानीय तहमा आवश्यक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने,

(ग) उद्यमी बन्न इच्छुक व्यक्तिलाई माग र आवश्यकताको आधारमा उद्यमशीलता तथा सिप विकास तालिम कार्यक्रम छनोट गर्ने,

(घ) कार्यक्रम सम्बन्धी आफ्नो स्थानीय तहभित्र योजना तर्जुमा गराइ गाउँ/नगर कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयन गर्न स्थानीय तहमा कार्ययोजना स्वीकृत गर्ने र साझेदार संस्थासँग आवश्यक समन्वय गर्ने,

(च) संस्थाको सिफारिसमा उद्योगको स्तरीकरण गर्दै नविनतम प्रविधि हस्तान्तरण गर्ने, उद्यमीहरूको सक्षमीकरण गर्ने,

(छ) कार्यक्रमसँग सम्बन्धित सरकारी, गैर सरकारी, निजी क्षेत्र, विकास साझेदार र नागरिक समाजका संघ संस्थासँग कार्यगत सम्बन्ध स्थापित गरी अनुकूल वातावरण तयार गर्ने,

(ज) उद्यमका उत्पादनहरूलाई बजारसँग जोड्न आवश्यक समन्वय र सम्बन्ध स्थापना गर्ने,

(झ) उद्यमीहरूलाई वित्तीय सुविधा उपलब्ध गराउन वित्तिय संस्थाहरूको पहिचान गरी सम्बन्ध स्थापित गराउन पहल गर्ने,

(ञ) कार्यक्रम कार्यान्वयनका क्रममा स्थानीयस्तरमा आइपर्ने नीतिगत बाधा अड्चन फुकाउने ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा कुल बजेटको चालीस प्रतिशतमा नबढ्ने गरी सञ्चालन गर्नुपर्नेछ।

(४) उपदफा (२) को खण्ड (च) बमोजिम उद्यमीलाई नवीनतम प्रविधि हस्तान्तरण गर्दा सम्बन्धित उद्यमीको चालीस प्रतिशत लागत साझेदारीमा मात्र गर्नु पर्नेछ।

## परिच्छेद-५

## बजेट र लागत साझेदारी सम्बन्धी व्यवस्था

१७. **कार्यक्रमको बजेटः** (१) छनोट भएको प्रत्येक स्थानीय तहमा कार्यक्रम कार्यान्वयनका लागि आर्थिक वर्ष २०८१/८२ का लागि जम्मा बजेट साठी लाख रुपैयाँको हुनेछ।

(२) उपदफा (१) बमोजिमको जम्मा बजेटमा प्रदेश सरकारको चालिस लाख रुपैयाँ र स्थानीय तहको बीस लाख रुपैयाँ लागत साझेदारी रहनेछ।

(३) छनोट भएका प्रत्येक स्थानीय तहमा कार्यक्रम कार्यान्वयनका लागि संस्थाले पन्ध्र लाख रुपैयाँ बराबरको प्राविधिक सहयोग गर्नु पर्नेछ।

(४) आर्थिक वर्ष २०८२/८३ देखि कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकार र स्थानीय तहको लागत साझेदारीको रकम स्वीकृत विनियोजित बजेट बमोजिम हुनेछ।

१८. **बजेट निकासा:** (१) दफा १४ बमोजिम सम्झौता सम्पन्न गरेका स्थानीय तहलाई प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ मार्फत कार्यक्रमको खर्च लेख्ने गरी बजेट निकासा र कार्यक्रम सञ्चालनका लागि मन्त्रालयले अख्तियारी दिनेछ।

(२) उपदफा (१) बमोजिको बजेट निकासा र कार्यक्रम सञ्चालनको अख्तियारी सम्बन्धी अन्य व्यवस्था प्रदेशको प्रचलित विनियोजन ऐन बमोजिम हुनेछ।

(३) छनोट भएका स्थानीय तहले आफूले व्यहोर्नु पर्ने लागत सहभागिताको रकम नगर/गाउँ सभाबाट स्वीकृत गर्नु पर्नेछ।

(४) कार्यक्रम सञ्चालन गर्दा भएको कुल खर्चमा प्रदेश सरकार र स्थानीय तहको साझेदारी बमोजिमको समान अनुपातमा खर्च गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम अनुपात कायम नभएमा सिर्जित दायित्व स्थानीय तहले व्यहोर्नु पर्नेछ।

१९. **खर्च व्यवस्थापन तथा वित्तीय अनुशासन:** (१) कार्यक्रम सञ्चालनको खर्च प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ।

(२) समग्र कार्यक्रम सञ्चालनको लागि आवश्यक प्रशासनिक र व्यवस्थापन खर्च गर्दा चार लाख रुपैयामा नबढ्ने गरी कार्यक्रमको प्रगतिको अनुपातमा गर्नु पर्नेछ।

(३) कार्यक्रमका लागि विनियोजित बजेट देहायको क्षेत्रमा खर्च गर्न पाइने छैन:

(क) भौतिक पूर्वाधार संरचना निर्माण जस्तैः सडक, पुल, सिंचाइ, जलविद्युत लगायतका पूर्वाधारका क्षेत्र,

(ख) कार्यक्रमका लागि संस्थाबाट प्रतिनिधित्व गर्ने व्यक्ति वा सहजकर्ताको पारिश्रमिक र अन्य खर्च,

(ग) सवारी साधन खरिद।

२०. **लेखापरीक्षण तथा प्रतिवेदन:** (१) कार्यक्रमको आन्तरिक लेखापरीक्षण तथा आर्थिक वर्ष समाप्त भएपश्चात कार्यक्रमको अन्तिम लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(२) उपदफा (१) बमोजिम अन्तिम लेखापरीक्षण पश्चात प्रमाणित आर्थिक विवरण सम्बन्धित स्थानीय तहले मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

## परिच्छेद-६

## कार्यक्रम सञ्चालन ढाँचा

२१. **सम्भाव्यता अध्ययनः** (१) छनोट भएका स्थानीय तहले संस्थाको सहयोग र सहकार्यमा आफ्नो स्थानीय तहभित्र उद्यम परितन्त्र (इन्क्यूवेसन, स्टार्टअप, सिड मनी र लगानी कर्ता) र बजार सम्भावनाहरुको अध्ययन गर्नेछ।

(२) उपदफा (१) बमोजिम अध्ययन गर्दा सम्भाव्य स्रोतहरूको विश्लेषण, सम्भावित उद्यमीहरूको लागत सङ्कलन, उद्यम गर्न इच्छुक व्यक्तिहरूको उद्यमीहरूसँगको आवद्धता समेतको अध्ययन गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम अध्ययन पश्चात उद्यमी र उद्यमी बन्न चाहने व्यक्तिहरूमा कार्यक्रमको जागरणका लागि कार्यक्रम शुभारम्भ कार्यशाला, सञ्चार माध्यम तथा सामाजिक सञ्जालहरुको प्रयोग जस्ता क्रियाकलाप गर्न सकिनेछ।

२२. **आवेदन आह्वानः** दफा २१ बमोजिम उद्यम परितन्त्र र बजार सम्भावनाहरुको अध्ययन पश्चात सबै प्रकारका उद्यम गरिरहेका तथा नयाँ उद्यम गर्न चाहाने व्यक्तिहरुबाट अनुसूची-३ को ढाँचामा पन्ध्र दिने सूचना सहित आवेदन आह्वान गर्नु पर्नेछ।

२३. **आवेदन मूल्याङ्कन, छनोट र सक्षमीकरणः** (१) दफा २२ बमोजिम प्राप्त आवेदन मध्येबाट देहायका सूचकका आधारमा दफा १६ बमोजिमको कार्यक्रम सञ्चालन समितिले पहिलो चरणमा चालिस जना उत्कृष्ट उद्यमीहरू सक्षमीकरणका लागि छनोट गर्नु पर्नेछः

(क) आवेदकको उद्यम सम्बन्धी आवश्यकता र सो सम्बन्धी आधारभूत ज्ञान र सिप,

(ख) व्यवसायिक तत्परता र नवीनतम सोच,

(ग) सञ्चालनमा रहेका उद्यमको हकमा विद्यमान व्यवसायको सञ्चालन तरिका,

(घ) अन्य व्यवसायिक गतिविधि।

(२) उपदफा (१) बमोजिम छनोट भएका उद्यमहरुका लागि देहाय बमोजिमका गतिविधि सञ्चालन गरी सक्षमीकरण गर्नु पर्नेछः

(क) उद्यम स्थापनाका लागि उत्प्रेरित गर्ने कार्यक्रम,

(ख) उद्यम व्यवस्थापन, वित्तिय ज्ञान र नेतृत्व विकास सम्बन्धी प्रशिक्षण,

(ग) आत्मविश्वास निर्माण, जोखिम वहन गर्ने क्षमता अभिवृद्धि गर्ने सिपको विकास, उद्यमशीलताको विकास, उद्यम छनोट तथा व्यवसायिक योजना तथा उद्यमका लागि पूँजी व्यवस्थापन सम्बन्धी तालिम,

(घ) उद्यमीहरूको बजार पहुँच र वित्तिय पहुँच अभिवृद्धि सम्बन्धी कार्यक्रम,

(ङ) सम्भाव्य उम्मेदवारका लागि तालिम (Training of Potential Entrepreneurs; TOPE) र उद्यम व्यवसाय सुरुवाती तालिम (Training of Starting Entrepreneurs; TOSE)।

२४. <u>**उद्यमहरूको स्तरोन्नति:**</u> (१) दफा २३ बमोजिम छनोटमा परेका उद्यमीहरु मध्येबाट उत्कृष्ठ दश उद्यमहरुलाई स्तरोन्नति गर्न उद्यम सान्दर्भिक सक्षमीकरण गरेर वित्त बजारको पहुँच अभिवृद्धि गरिनेछ।

(२) उद्यमहरुको सक्षमीकरण र बृद्धिमुखी स्तरोन्नति गर्न निम्न क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछः

(क) व्यावसायिक र वित्तीय योजनाहरुलाई सुदृढ बनाउन विभिन्न प्रशिक्षण र प्राविधिक परामर्शहरु उपलब्ध गराइनेछ।

(ख) व्यावसायिक प्रणाली सुधारका लागि उपयुक्त प्रविधि हस्तान्तरण गरिनेछ।

(ग) स्थानीय तह, बैंक र संस्थाबाट यस कार्यक्रममा सहभागी उद्यमीहरूको वित्तिय पहुँचका लागि क्रेडिट ग्यारेन्टी योजनाको सहजीकरण गरिनेछ।

(घ) सञ्जालीकरण कार्यक्रम र व्यापार मेला (जसले उत्पादकहरू र सम्भावित खरिदकर्ताहरूलाई सँगै ल्याउँछ) मार्फत उद्यमहरूलाई खरिदकर्ता, खुद्रा बिक्रेता, थोक बिक्रेता र निर्यात बजारसँग जोडेर बजार सम्बन्धलाई सहज बनाइनेछ।

(ङ) उद्यमहरूलाई उनीहरूको उत्पादनको गुणस्तर, प्याकेजिङ र बजारीकरणमा सुधार गर्न प्रशिक्षण र प्राविधिक सहयोग उपलब्ध गराएर उत्पादनदेखि वितरण र उपभोगसम्मका सम्पूर्ण आपूर्ति श्रृङ्खलाहरूको दक्षता र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरिनेछ।

(च) उद्यमहरूलाई ई-कमर्स स्टोरहरू स्थापना गर्न, व्यवस्थापन गर्न र उत्पादनहरू प्रवर्द्धन गर्न डिजिटल बजारीकरण रणनीति प्रयोग गर्न प्रशिक्षण र परामर्श प्रदान गरिनेछ।

(छ) उद्यमहरूलाई बजार पहुँच र प्रतिस्पर्धा बढाउनको लागि गुणस्तर प्रमाणपत्र प्राप्त गर्न र उत्पादनमा गुणस्तर मापदण्डहरूको पालना गर्न सहयोग गरिनेछ।

(ज) व्यापार विकासका विभिन्न पक्षहरू (जस्तैः उत्पादन विकास, ब्राण्डिङ र प्याकेजिङ, मूल्य निर्धारण र वितरण) मा सहयोग प्रदान गरिनेछ । उद्यमहरूलाई बजार तयारी र प्रतिस्पर्धात्मक क्षमता सुधार गर्न मद्दत गर्न तालिम र प्राविधिक परामर्शहरु लगायत व्यवसाय विकास सेवाहरू प्रदान गरिनेछ।

(झ) उद्यममा नवप्रवर्तनको प्रयोग र कर्मचारी लगायत अन्य सरोकारवालाहरुको व्यवस्थापनका लागि उद्यम नेतृत्व प्रशिक्षण उपलब्ध गराइनेछ।

(ञ) उद्यम विकासका लागि इच्छुक लगानीकर्ताहरु र निजी क्षेत्रका क्रेताहरुसँग सम्पर्क विस्तार गर्न उद्यम योजना र लगानी प्रस्तुतीकरण कार्यक्रम आयोजना गरिनेछ।

## परिच्छेद-७
## विविध

२५. **अनुगमन तथा मूल्याङ्कनः** कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन प्रदेश तथा स्थानिय तहसँग सम्बन्धित प्रचलित कानूनले निर्दिष्ट गरेबमोजिम हुनेछ।

२६. **सम्झौताको पूर्ण पालना गर्नु पर्ने:** (१) छनोट भएका स्थानीय तह र संस्थाले सम्झौतामा उल्लिखित विषय र यस कार्यविधिमा भएका व्यवस्थाको पूर्ण रुपमा पालना गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) सम्झौता र कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन नगरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाइनेछ।

२७. **बाधा अड्काउ फुकाउन सक्ने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यक्रम समन्वय समितिको सिफारिसमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची-१

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**स्थानीय तहको प्रस्ताव मूल्याङ्कनको आधार**

| क्र.सं. | आधार | अङ्क भार |
|---|---|---|
| १ | कच्चा पदार्थको उपलब्धता भएको | १० |
| २ | स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरू सञ्चालनमा रहेको/सञ्चालनको सम्भावना भएको | १५ |
| ३ | उद्यमशीलताको सम्भावना रहेको | १० |
| ४ | युवा तथा महिला उद्यमीको संख्या बढी भएको भन्ने स्थानीय तहको स्वःघोषणा | १० |
| ५ | बजारसम्म सहज पहुँच भएको | १० |
| ६ | बैंक तथा वित्तिय संस्थाहरूको उपलब्धता भएको | ५ |
| ७ | कोसेली घर, सौगात गृह जस्ता बिक्री केन्द्र सञ्चालनमा रहेका | १० |
| ८ | उद्यमबाट उत्पादित सामाग्रीको ढुवानी र बजारीकरणमा स्थानीय तहको प्रत्यक्ष संलग्नता रहेको | २० |
| ९ | औद्योगिक ग्राम वा औद्योगिक क्षेत्र भएको | ५ |
| १० | मेला प्रदर्शनीको आयोजना हुने | ५ |
| **जम्मा अङ्क भार** | | १०० |

अनुसूची-२

(दफा १४ सँग सम्बन्धित)

## सम्झौताको ढाँचा

गण्डकी प्रदेश सरकार, उद्योग तथा पर्यटन मन्त्रालय, पोखरा (यसपछि प्रथम पक्ष भनिने), श्री ...................... गाउँपालिका/नगरपालिका, ............... (यस पछि दोस्रो पक्ष भनिने) र श्री .................... संस्था, ............... (यसपछि तेस्रो पक्ष भनिने) वीच देहायका सर्तका अधीनमा रही बृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न यो सम्झौता गरिएको छ।

(क) प्रथम पक्षको जिम्मेवारी

(१) दफा .... को उपदफा (.....) बमोजिमको जिम्मेवारी

(२) ..................................................................

(ख) दोस्रो पक्षको जिम्मेवारी

(१) दफा ... को उपदफा (...) बमोजिमको जिम्मेवारी

(२) ................................................................

(३) प्रथम पक्षले उपलव्ध गराएको बजेटमा दोस्रो पक्षले प्रतिवद्धता गरेबमोजिमको रकम थप गरी कुल बजेट कायम गरी कार्यक्रम सञ्चालन गर्ने।

(ग) तेस्रो पक्षको जिम्मेवारी

(१) दफा ..... को उपदफा (....) बमोजिमको जिम्मेवारी

(२) .....................................

(घ) अन्य सर्तहरू

(१) कार्यक्रम सञ्चालन अवधि सम्झौता भएको मितिबाट प्रत्येक आर्थिक वर्षको जेष्ठ मसान्तसम्म रहनेछ।

(२) अन्य ।

माथि उल्लेखित सर्तको अधिनमा रही आ-आफ्नो तर्फबाट पालना गर्न गराउन हाम्रो मन्जुरी भएको हुँदा आ-आफ्नो तर्फबाट सहि गरिदियौं लियौं ।

| तेश्रो पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|---|
| ........................ | ......................... | ........................ |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| श्री..................संस्था | श्री.......गाँउपालिका/नगरपालिका | श्री उद्योग तथा पर्यटन मन्त्रालय |
| **<u>साक्षी</u>** | **<u>साक्षी</u>** | **<u>साक्षी</u>** |
| ....................... | ........................... | .......................... |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |

अनुसूची-३

(दफा २२ सँग सम्बन्धित)

**उद्यमीले पेश गर्ने आवेदनको ढाँचा**

श्री .................. गाउँ/नगर पालिका,

गाउँ/नगर कार्यपालिकाको कार्यालय

................................।

विषयः कार्यक्रममा सहभागी हुन पाउँ।

प्रस्तुत विषयमा त्यहाँ ........................ गाउँ/नगर पालिकाबाट सञ्चालन हुने बृद्धिमुखी उद्यमशिलता र रोजगारी सिर्जना कार्यक्रम अन्तर्गत मैले सञ्चालन गरेको/गर्न चाहेको .................... उद्यमको सक्षमीकरण तथा स्तरोन्नति गर्न म इच्छुक भएको हुँदा देहायको विवरण र कागजात सहित यो निवेदन पेस गरेको छु।

उद्यमीको नामः

सञ्चालन गरेको/गर्न चाहेको उद्यमको नामः

उद्यमको ठेगानाः

उद्यमको व्यवसायिक योजनाः

उद्यमको लागि आवश्यक प्रशिक्षण तथा परामर्शः

उद्यमको लागि आवश्यक प्रविधिः

आज्ञाले,

कुमान सिंह गुरुङ

प्रदेश सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । मूल्य रु ५०।-